# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# नगर सभा उद्घाटन समारोह
२१ पौष, २०७४

## आर्थिक बर्ष २०७४/०७५ को
# नीति तथा कार्यक्रम

☎056-520167, 521467, 530062, 526951, 522252, Fax : 00977-56-520014
E-mail : bmc@ntc.net.np, Website : www.bharatpurmun.gov.np

# भरतपुर महानगरपालिकाको नगर सभामा नगर प्रमुख श्री रेनु दाहालज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम

नेपालको संङ्घीय संविधान जारी भएपछि पहिलोपटक भएको स्थानीय तह निर्वाचनमा भरतपुर महानगरबासी दिदीबहिनी तथा दाजुभाइहरूले विश्वास गरी भारी मतले विजयी गराउनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस गरिमामय नगर सभाको सदस्यको रुपमा निर्वाचित सम्पूर्ण नगर सभासदज्यूहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु। यहाँहरूको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु। भरतपुर महानगरपालिकालाई देशकै नमूना महानगरपालिका र मुलुकको आर्थिक सम्वृद्धिको केन्द्र बनाउने दृढ सङ्कल्पसहित पहिलो पटक भरतपुर महानगरपालिकाको नगर प्रमुखको हैसियतले यस नगर सभा समक्ष आ.व.०७४/७५ को लागि महानगर कार्यपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम प्रस्तुत गर्दा मैले गौरव सँगसँगै ठूलो जिम्मेवारी पनि महसुस गरेको छु। यो क्षणमा म राष्ट्रिय स्वाधिनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति र सुशासनका लागि विभिन्न वलिदानपूर्ण आन्दोलनहरूमा आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात–अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

यतिखेर संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। १५ वर्षभन्दा लामो समयदेखि जनप्रतिनिधि बिहीन भएको स्थानीय तह अब ताजा जनादेश बोकेर आएका जनप्रतिनिधियुक्त भएको छ। यसले स्थानीय तहमा जनतामा भारी अपेक्षा र उत्साह सिर्जना गरेको छ। स्थानीय तहको निर्वाचनमा जनताको ज्यादै उल्लासपूर्ण सहभागिताका लागि म सबै मतदाताहरूप्रति आभार प्रकट गर्दछु।

अबका स्थानीय तह स्थानीय सरकार हुन्। अब हामी संविधानले प्रदान गरेको अधिकारको सीमाभित्र रही कर लगाउन र उठाउन, कानून निर्माण गर्न र आफैले छनौट गरेको विकास गर्न अधिकार सम्पन्न छौं। स्थानीय सरकार भएकाले केन्द्रमूखी र परनिर्भर भएर कार्य सञ्चालन गर्न सम्भव छैन। महानगरका सबै काम कारबाही नयाँ सोच र योजनाका साथ व्यवस्थित र पारदर्शी हुन जरुरी छ। यसका लागि केही अत्यावश्यक कानून निर्माण भैसकेका छन् र आवश्यक अन्य कानुनहरू निर्माणको क्रममा छन्। नेपालको संघीय ढाँचा संघ, प्रदेश र स्थानीय तहका बीचमा सहकार्य, सहयोग र समन्वयमा आधारित भएको र नयाँ संविधान बमोजिमको संघ र प्रदेश तह पूर्ण रुपमा क्रियाशील नभइसकेकोले स्थानीय तहको संरचनाले पूर्णता भने पाउन सकेको छैन। तर, यो नगरसभा महानगरको नीति निर्माणका दृष्टिले सबैभन्दा महत्वपूर्ण संरचना हो भन्नेमा कुनै शङ्का छैन।

नेपालको संबिधानले परिलक्षित गरेका राज्यका नीति तथा निर्देशक सिद्धान्त, चौधौँ आवधिक योजना र नेपालले अर्न्तराष्ट्रिय मञ्चमा प्रतिबद्धता गरेका सन् २०३० सम्ममा प्राप्त गर्न पर्ने दीर्घकालीन विकासका लक्ष्यहरू (Vision-2030) समेतलाई आधार मानी यस नगर सभाले आफ्ना नीति तथा कार्यक्रमहरूलाई दिशा निर्देश गर्ने प्रयत्न गरेको छ।

**प्रमुख अतिथिज्यू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू,**
चितवनवासीले चितवन जिल्लालाई देशकै नेतृत्वदायी जिल्लाका रुपमा देख्न चाहिरहेका छन्। चितवन जिल्लालाई ३ नं प्रदेशको राजधानी बनाउन सकिने सम्भावना रहेको अवस्थामा भरतपुर महानगरपालिकामा प्रदेश राजधानी बनाउन सम्पूर्ण चितवनबासी जनताहरूको तर्फबाट यस कार्यक्रमका प्रमूख अतिथिज्यू, माननीय सांसदज्यूहरू, सम्पूर्ण राजनैतिक पार्टीहरू र प्रबुद्ध वर्गहरूमा हार्दिक अनुरोध गर्दछु।

राप्ती र नारायणी नदीले सिर्जना गरेको जैविक विविधतायुक्त सुन्दर भरतपुर महानगरपालिका नेपालको मध्य भागमा अवस्थित छ। ४३२.९५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस महानगरपालिकामा जम्मा घरधुरी ६९०३५ रहेको र करिब ३ लाख जनसंख्याको बसोबास रहेको छ। यस महानगरपालिकाको भौगोलिक अवस्थितिको कारण मात्र नभई मुलुकका प्रमुख केन्द्रहरूसँगको सिधा यातायात पहुँच, नारायणी नदी तथा राष्ट्रिय निकुञ्जहरूले सिर्जना गरेको पर्यटकीय सम्भावना, पछिल्ला दिनहरूमा शिक्षा र चिकित्सा सुविधामा भएको पूर्वाधार विकासलाई व्यवस्थित गर्न सक्दा हामी मुलुककै प्रमुख शैक्षिक, स्वास्थ्य र पर्यटकीय केन्द्र बन्ने सम्भावनाको नजिक छौं। नेपालकै सबैभन्दा तीव्र शहरीकरण भैरहेको महानगरपालिका भनेर हामी गर्व त गर्न सक्छौं तर जथाभावी बस्ती विस्तार र जग्गाको प्लटिङ्ग तथा अव्यवस्थित शहरीकरण भएकोमा हामी चिन्तित छौं। कृषि योग्य जमिन क्रमशः कंक्रिटको जंगलमा रुपान्तरण हुँदैछ। सडक संजालमा केही विस्तार त भएको छ, तर त्यो विस्तार योजनाबद्ध र व्यवस्थित छैन। हिजो नगरपालिका वा उपमहानगरपालिका हुँदाको शहरीकरण र आवागमनको आकलनका आधारमा निर्माण भएका भौतिक संरचना अहिले अपर्याप्त भइसकेका छन्।

कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका क्षेत्रमा भरतपुर महानगरपालिकाका सम्भावना र चुनौतीको समग्र आँकलन अनि विकासका लागि आवश्यक स्रोतको खोजी हाम्रो प्राथमिकतामा छ । भरतपुर नेपालको प्रमुख शहरी केन्द्र हो जो देशका सबैप्रकारका यातायातका सञ्जालसँग जोडिएको छ । यो केवल आन्तरिक मात्र होइन, अन्तर्राष्ट्रिय रुपमै पर्यटकीय केन्द्र र समग्र मुलुककै अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्न सक्ने महानगर हो । यति धेरै सम्भावना भएको महानगरको समग्र विकासका लागि तत्काल आफ्नो मात्रै पर्याप्त स्रोत छैन । हामीले महानगरभित्र केन्द्र र प्रदेशस्तरका विकास कार्यक्रमहरू ल्याउन जरुरी छ ।

भरखरै निर्वाचन सम्पन्न भएर तीन तहका संरचना तयार भएकोले स्रोतको व्यवस्थापन र योजना कार्यान्वयनका सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहको समन्वयको संरचना बनिसकेको छैन । तर, हामीले महानगरका आवश्यकता र सम्भावनाहरूको मसिनो आँकलन सहित कम्तीमा २०–२५ वर्षको आवश्यकतालाई सम्बोधन गर्ने सोच र कार्यक्रमयुक्त एकीकृत योजना तर्जुमा गरेर महानगरको व्यवस्थित र योजनाबद्ध विकास गर्नुपर्दछ। महानगरले त्यो काम प्रारम्भ गरिसकेको छ। राष्ट्रकै प्रतिष्ठित विज्ञहरू र विभिन्न मन्त्रालयका सचिवहरूसँग परामर्श समेत प्रारम्भ भइसकेको छ। अविलम्ब सम्बन्धित विज्ञहरूको सहयोगमा दीर्घकालीन योजना तर्जुमाको काम प्रारम्भ हुनेछ।

यो नगरसभा भैरहँदा यो आर्थिक वर्षको पनि आधा समय व्यतित भैसकेको छ, त्यसैले धेरै ठूला योजनाको कार्यान्वयन यो वर्ष सम्भव हुने देखिँदैन। '**नगर्ने कुरा नभन्ने र भनेको कुरा गर्ने**' हाम्रो प्रतिबद्धता भएकोले यो वर्ष सम्भव हुने योजना मात्र हामीले पेश गरेका छौं। आगामी वर्षको नगरसभामा भने दीर्घकालीन एकीकृत योजनाका साथ उपस्थित हुने हाम्रो प्रतिवद्धता छ। अहिले हामी केही दीर्घकालीन सोच र योजनाहरूको पृष्ठभूमिमा तत्काल प्रारम्भ गर्नुपर्ने र गर्न सकिने अल्पकालीन नीति र कार्यक्रमहरूका साथ प्रस्तुत भएका छौं।

## आर्थिक विकासः

- शहरीकरणको गति तीव्र हुँदा–हुँदै पनि कृषिमा नै यहाँको मुख्य आर्थिक क्रियाकलाप निर्भर छ। महानगरको कृषिको चरित्र अहिले पनि परम्परागत छ। सिँचाइ सुविधा, कृषि मल र आधुनिक कृषि औजारको अभाव जस्ता समस्या यहाँ पनि छन्। तर अब समयको मागलाई पूर्ति गर्न सक्ने आधुनिक प्रविधिमा आधारित कृषि प्रणालीको विकास जरुरी छ। त्यसका लागि दीर्घकालीन अध्ययन शुरु गरिनेछ। यसैवर्षका लागि सम्भव स्थानमा सिँचाई सुबिधा बिस्तार गरी आधुनिक कृषि मल र औजारको उपलब्धताका लागि छुट्टै कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि उत्पादन र बजारीकरणलाई प्रवर्द्धन गर्न जग्गा बाझो छोड्ने प्रबृतिलाई निरुत्साहित गर्न उक्त जग्गामा हुने उत्पादनलाई आधार मानी क्षतिपूर्ति व्यर्होन लगाउने नीति लिईने छ।
- परम्परागत कृषि खेती छोडी किसानहरूले पोल्ट्री, दुध, माछा, तरकारी, जडीबुटी, मह लगायतका उत्पादनका क्षेत्रमा प्रोत्साहन र विकास गर्ने नीति लिईने छ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।
- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गर्दै कृषि उपजको उत्पादन, भण्डारण र बिक्री वितरणसम्म सहकारी तथा समुहलाई सक्रिय बनाउने नीति लिईने छ।
- उद्योगमैत्री वातावरणका लागि उद्योग दर्ता प्रक्रियालाई सरलीकरण गर्न आवश्यक कानुनी र प्रक्रियात्मक व्यवस्था गरिनेछ। भौगोलिक अवस्थितिका कारण प्रमुख औद्योगिक नगरी हुने सम्भावना भएको महानगर भएका कारण यहाँ स्थापना हुन सक्ने तुलनात्मक लाभका उद्योगको पहिचान गरी त्यस्ता उद्योग स्थापनाको बारेमा विस्तृत अध्ययन गरिनेछ। महानगरभित्र स्थापना हुन चाहने उद्योगको लागि महानगरको तर्फबाट विशेष सुबिधाको व्यवस्था गरिनेछ। **एक वडा एक उत्पादन**को नारालाई योजनाबद्ध रुपमा अगाडि बढाईने छ।
- भरतपुरमा निर्माणाधीन अन्तर्राष्ट्रिस्तरको प्रदर्शनी केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याइने छ।
- नगरपालिकाबाट विकास र संरक्षित गरेको नगरवनलाई महानगरको मातहतमा ल्याई जैविक संरक्षण हुने र त्यसको बहुआयामिक लाभ हुने गरी सञ्चालन गरिनेछ।
- नारायणी किनारालाई प्रदुषणमुक्त गरी तत्काल पार्क र रमणीय स्थलको रुपमा विकास गरी दीर्घकालीन रुपमा नीजि क्षेत्रको सहकार्यमा सुविधासम्पन्न जल–पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।
- गोलाघाट जगतपुर पटिहानी, बिसहजारी ताल र सीतामाई लगायतका पर्यटकीय क्षेत्रको विकास गर्दै पर्या–पर्यटनलाई प्रोत्साहन दिई अन्तर्राष्ट्रिय Eco–tourism सेन्टरको रुपमा विकास गर्दै लगिने छ।
- पवित्र तीर्थस्थल देवघाटधामलाई धार्मिक पर्यटनको केन्द्रको रुपमा विकास गरिने छ। महानगरको पर्यटकीय महत्वका सबै क्षेत्र र सम्भावनाको अध्ययन गरी यस क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गरिनेछ। यो आर्थिक वर्षमा यस क्षेत्रका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको मर्मत सम्भार, सरसफाइ तथा प्रचार प्रसार गरिनेछ।

- नेपाल ट्रष्टको स्वामित्वमा रहेको दियालो बङ्गलालाई पर्यटकीय महत्वको स्थलको रुपमा विकास गर्न त्यस स्थानमा आकर्षक सङ्ग्राहलय स्थापना गर्ने लगायतका संभावनाहरूको अध्ययन गरिनेछ। त्यसलाई यसै आर्थिक वर्षभित्र महानगरको व्यवस्थापनमा ल्याई तत्काल आवश्यक संरक्षण र मर्मत सम्भारको काम गरिनेछ।
- किसान तथा लघुउद्यमीलाई सरल र सहज कृषि कर्जा उपलब्ध गराउन बैकसँग समन्वय गरी उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ। ऐलानी जग्गामा बसोबास गर्ने बासिन्दाहरूले समेत लघु कर्जा प्राप्त गर्न सक्ने गरी आवश्यक पहल गरिनेछ।
- महानगरमा रहेका सहकारीहरूको विकास एकीकरण हुन चाहनेहरूका लागि सहजिकरण गर्ने र सरकारी, नीजि र सहकारीको परिचालन गरी दिगो विकास नीति लिईने छ।

## सामाजिक विकासः

- आवश्यकता अनुसार नयाँ सामुदायिक बिद्यालय खोल्ने, स्तर बृद्धि गर्ने, एकीकृत गर्ने, कक्षा थप गरी समुदायको हितमा प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ। संस्थागत बिद्यालयको अनुमति, नियमन र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ। दीर्घकालीन रुपमा महानगरलाई मुलुककै प्रमुख शैक्षिक केन्द्रको रुपमा विकास गर्ने गरी एकीकृत नीति तर्जुमा गरिनेछ।
- शहरी गरिबी न्यूनिकरणका लागि स्वरोजगार सिर्जना गर्ने, उद्यमशीलताको खोजी तथा प्रर्वद्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिबृद्धि हुने क्रियाकलापद्वारा रोजगारी सिर्जना गरी जीविकोपार्जन कार्यक्रमहरूलाई प्रोत्साहन गरिने छ। यसका लागि शहरी गरिवी न्यूनिकरण कोषको निर्देशिकामा आवश्यक परिमार्जन गरी उक्त कोषलाई शहरी गरिबी न्यूनीकरणमा परिचालन गर्नका लागि उपयुक्त कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ।
- न्युन आय भएका विपन्न र सिमान्तकृत वर्गलाई सुरक्षित बसोबासको सुनिश्चितता गर्न '**खरका घर मुक्त महानगर**'को कार्यक्रम यसैबर्षदेखि प्रारम्भ गरिनेछ।
- विपन्न तथा न्यून आय र फरक क्षमता भएका अभिभावकका बालबालिकालाई बिद्यालय पठाउनका लागि पोसाक, खाजा र पाठयसामग्रीको व्यवस्था गरिनेछ। बिपन्न र सिमान्तकृत समुदायका बालबालिकाका लागि उच्च शिक्षामा पहुँच बढाउन **महानगर छात्रबृत्ति कार्यक्रम** लागु गरिनेछ।
- "**हाम्रा बालबालिका हाम्रो भविष्य**" भन्ने मूल्य र मान्यतालाई आत्मसाथ गर्दै बालमैत्री स्थानीय शासन नीतिलाई निरन्तरता दिई वि.सं. २०७६ सालसम्ममा यस भरतपुर महानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने गरी आवश्यक योजना र कार्यक्रम तर्जुमा गरिनेछ। यसका लागि बालमैत्री वडा घोषणा अभियानलाई तिव्रता दिइनेछ। बालमैत्री वडा घोषणा गर्ने वडाहरूलाई सम्मान–पत्र सहित रु. १ लाख रुपैयाँ पुरस्कार दिइने छ। उक्त रकम बालबालिकाको क्षेत्रमा लगानी गरिने छ।
- सडक बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापना एवम् पारिवारिक पुनर्मिलन र पारिवारिक सहयोग कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ।
- जेष्ठ नागरिक र महिलाहरूको स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउन भरतपुर अस्पतालमा निःशुल्क वहिरङ्ग सेवा सञ्चालन गरिएको छ। **अति गरिव तथा विपन्न वर्ग र एच.आइ.भी. सङ्क्रमितहरूलाई** गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा पुऱ्याउन स्वास्थ्य वीमामा अनुदान दिइने छ। भरतपुर अस्पतालमा एक सुबिधासम्पन्न बिरामी कुरुवा घर साझेदारहरूको सहकार्यमा निर्माण गरिने छ।
- जेष्ठ नागरिकहरूको पहिचान, सम्मान र ब्यवस्थापनका लागि विकास साझेदारहरू समेतको सहयोग र समन्वयमा आवश्यक सहयोग, संरक्षण तथा प्रर्वद्धन गर्ने नीति अनुरुप जेष्ठ नागरिक दिवा सेवा केन्द्र (Day Care Center) सञ्चालन गरिनेछ।
- महिलाहरूको आयमूलक, सिपमूलक, क्षमता अभिबृद्धि, नेतृत्व विकास गरी दक्ष जनशक्ति निर्माणमा योजनाबद्ध पहल गरिने छ।
- युवा वर्गको क्षमता विकास गर्दै उद्यमशील, सक्षम, सु–संस्कृत एवम् क्षमतावान बनाई महानगरको विकासको मुलधारमा ल्याउन सरकारी तथा गैर सरकारी संस्थाहरूको समन्वयमा युवा लक्षित ब्यवसायिक तथा जीवन उपयोगी सिपमूलक तालिम सञ्चालन गरी रोजगारका अवसरहरू सिर्जना गर्ने र असल नागरिक बनाउन प्रेरित गर्ने नीति लिइनेछ।
- युवाहरूको शारीरिक र मानसिक विकासका लागि महानगर भित्र गौरवको योजनाको रुपमा रंगशाला निर्माण कार्यलाई पूर्णता दिईने छ। बिभिन्न खेल गतिबिधिलाई प्रोत्साहन गरी यसै बर्षदेखि **मेयरकप रनिङ्ग क्रिकेट तथा फूटवल, भलिवल** लगायत खेलकूदका कार्यक्रमहरू सञ्चालन गरिनेछ। त्यसका लागि स्थानीय संघ–संस्थाहरूसँगको सहकार्यमा आवश्यक पूर्वाधार विकास र प्रशिक्षणको व्यवस्था गरिनेछ।
- लैङ्गिक हिंसा, शोषण, मानव बेचबिखन, विभेद तथा दुर्ब्यबहारलाई शुन्य शहनशीलताको नीति अबलम्बन गरिनेछ। यसका लागि स्थानीय संघ–संस्थाहरूसँगको सहकार्यमा विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै लगिनेछ।

## पूर्वाधार विकासः

- महानगरको भू–उपयोग योजना यसै आर्थिक वर्षभित्र तयार गरी लागू गरिनेछ।
- महानगरको ट्राफिक व्यवस्थापन गर्न संघ र प्रदेश सरकारको समन्वयमा अत्याधुनिक ट्राफिक नियन्त्रण कार्यालय भवन र जनशक्तिको व्यवस्था गरिनेछ। मुख्य–मुख्य स्थानमा **सिसि क्यामरा** जडान र ट्राफिक बत्ती राखी यातायातलाई सहज र सुरक्षित बनाइने छ।
- सडक दुर्घटनालाई न्युनीकरण गर्न महानगरका मुख्य सडकहरूमा वातावरणमैत्री, उपभोक्ता मैत्री, अपाङ्गमैत्री सडक पेटी, छेकवार, सडक मार्किङ्ग, ट्राफिक आइल्याड, ट्राफिक Signal Light, जनचेतना मुलक कार्यहरूलाई प्राथमिकतामा राखी सञ्चालन गरिने छ। पार्किङ्गलाई व्यवस्थित गर्न ठूला व्यापारिक भवन, मल, बैक, बित्तीय संस्थाहरू स्वयमले अनिवार्य पार्किङ्गको व्यवस्था गरी निर्माण गर्न पाउने नीति लिईने छ।
- महानगरमा सञ्चालन गरिने विकासका कार्यक्रममा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गर्न तत्सम्बन्धी छुट्टै नीतिगत र कानुनी व्यवस्था गरिनेछ। यसैवर्षदेखि त्यस्ता कार्यक्रमको थालनी गरिनेछ।
- दीगो सहरी यातायातका लागि पेट्रोल, डिजल आयातलाई कम गर्न वैकल्पिक उर्जाबाट चल्ने मिश्रित प्रविधि (Hybrid Technology) र प्राकृतिक ग्याँसबाट चल्ने सवारी साधनहरू भित्र्याउने र बजारीकरण गर्ने कार्यलाई सहयोग गर्ने नीति लिइने छ। उपयुक्त स्थानमा चार्जिङ्ग स्टेसनहरूको व्यवस्थापन गरी सार्वजनिक यातायातलाई प्रोत्साहन गरिने छ।
- महानगरमा हालको विमानस्थललाई विस्तार गर्न सकिने सम्भावनाहरूको तत्काल अध्ययन गरिनेछ र दीर्घकालीन रुपमा ठूला विमान सञ्चालनका लागि मेघौलीमा विमानस्थल स्थापना गर्न सम्भाव्यता अध्ययनका लागि संघीय सरकारसँग समन्वय गरी प्रक्रिया अगाडि बढाईने छ।
- महानगरको स्वामित्वमा रहेको लायन्स चोकको जग्गामा भूमिगत पार्किङ्ग सहितको बहुउद्देश्यीय व्यापारिक भवन निर्माण गरी महानगरको आयमा बृद्धि गरिनेछ।
- महानगरका ३ **स्थानमा आकाशे पुल** निर्माण कार्य यसै आर्थिक वर्षमा प्रारम्भ गरिनेछ। दीर्घकालीन रुपमा शहरी आवागमनलाई सहज हुने सवारी साधनलाई प्रोत्साहन गर्ने र सोही किसिमका पूर्वाधार निर्माण गर्ने गरी दीर्घकालीन यातायात नीति तर्जुमा गरिनेछ।
- यसै वर्ष महानगरभित्र सभास्थल, सिटी हल, रङ्गशाला र मनोरञ्जन पार्क निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी आगामी वर्षदेखि सो को निर्माण प्रारम्भ गरिनेछ।
- महानगरपालिकाको वडा न ३ स्थित महानगरपालिकाकै नाममा दर्ता कायम रहेको २ बिघा १३ कट्ठा जमिनलाई अटो ल्याण्डको रुपमा विकास गर्ने नीति लिइएको छ। उक्त स्थानसम्म पहुँच मार्ग तथा प्रारम्भिक वातावरणीय परीक्षणको लागि आवश्यक रकम विनियोजन गरिने छ। अटो वर्कसपहरूलाई सहकारीमा आवद्ध गरी उनीहरूको समेत लगानी सुनिश्चित गरी सहलगानीको योजनाको रुपमा यसै बर्षदेखि निर्माण थालिने छ। सो क्षेत्रबाट सिर्जित फोहोर त्यही व्यवस्थापन गर्ने कार्यक्रम तर्जुमा गरिने छ।
- परम्परागत दाहसंस्कार विधिलाई सरल, सहज, सुविधाजनक बनाई वन जंगलको संरक्षण र वातावरणमैत्री बनाउन देवघाटधाममा संघीय सरकारको सहयोगमा नीजि क्षेत्र समेतको सहभागितामा बिद्युतीय शवदाह गृह निर्माण कार्य शुरु गरिएको छ। यसलाई शिघ्र सम्पन्न गर्न पहल गरिने छ।
- महानगरपालिकामा विकासप्रति स्थानीयको चासो र सरोकार अतुलनीय छ। जनसहभागितामा आधारित विकास प्रक्रियाका लागि भरतपुर एउटा अद्भूत सिकाइको थलो बन्न गएको छ। कुल लागतको ७० प्रतिशतसम्म जनसहभागिता जुटाई विकास योजना सञ्चालन गर्न चाहने उपभोक्तालाई प्रोत्साहन गर्न आवश्यक नीति स्वीकृत गरी सो अनुरुप बजेट व्यवस्थापन गरिनेछ।
- महानगरभित्रका सवै घरको नक्सा पास गराउन अभियानको रुपमा नक्सापास कार्यलाई अगाडि बढाइने छ। यसबाट महानगरका सबै बासिन्दाको घरको नक्सा पास हुनुका साथै महानगरको आयमा बृद्धि हुनेछ।
- जनताको तटबन्ध र जनता आवास कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- यो महानगर जैविक विविधता र प्राकृतिक सौन्दर्य र दुर्लभ बन्यजन्तुको उपलब्धताका दृष्टिले नेपालमा मात्र होइन अन्तर्राष्ट्रिय रुपमै महत्वपूर्ण स्थान हो। यहाँको जैविक विविधता, वनस्पती र बन्यजन्तुको अझै संरक्षण र सम्बर्द्धन गर्न छुट्टै नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- भरतपुर महानगरपालिकाबाट निस्कने अस्पतालजन्य र अन्य फोहोर व्यवस्थापनका लागि सार्वजनिक नीजि साझेदारी अवधारणा

बमोजिम कार्यन्वयन गर्न यसैवर्ष कार्य प्रारम्भ गरिनेछ। वडास्तरमा टोल विकास संस्था, गैर सरकारी संस्था, आमा समूह, स्थानीय क्लव र अन्य संस्थाहरूसँग मिलेर फोहोर मैला व्यवस्थापन **"Clean Bharatpur Green Bharatpur"** भन्ने नाराका साथ अभियानको रुपमा अगाडि बढाईने छ।

- भरतपुर महानगरपालिका क्षेत्रभित्र रहेका ऐलानी, पर्ति, सार्वजनिक जमिनको खोजी, रेखाङ्कन र संरक्षण गर्ने कार्य यसै बर्षदेखि शुरु गरिने छ।
- भरतपुर महानगरपालिकाभित्र रहेका सार्वजनिक, पर्ति जग्गा, चरन क्षेत्र, सामुदायिक वन आदि माथिको दोहन रोकी त्यस्ता जग्गामा पार्क, उद्यान, पोखरी आदिको विकास गर्दै '**एक वडा एक उद्यान, एक वडा एक पोखरी**'को नीतिलाई निरन्तरता दिइनेछ। यसको प्रभावकारी कार्यान्वयन गर्न यसैवर्ष विशेष कार्यक्रम तर्जुमा गरिनेछ।
- बिपद जोखिम क्षेत्र पहिचान गरी उक्त क्षेत्रहरूमा जोखिम न्युनीकरण सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिने छ। **एक वडा एक विपद सुरक्षित स्थल** किटान गरी आवश्यक पूर्वाधारहरू विकास गर्दै जाने नीति लिइने छ।
- "घर भित्रको फोहोर घर भित्रै" व्यवस्थापन गर्न कौसी खेती र करेसावारी कार्यक्रम लागू गरिनेछ।
- केही छानिएका क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न टोल विकास संस्थासँग सहकार्य गरिनेछ। जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न अनुगमन तथा निगरानी कार्यलाई तीव्रता दिइनेछ। हाल सञ्चालित विशेष सरसफाई अभियानलाई निरन्तरता दिइनेछ।
- महानगरभित्र रहेका बिभिन्न सार्वजनिक स्थानमा बगैचा निर्माण गरिनेछ र विशेष गरी नेपाल ट्रष्टको नाममा रहेको वडा नं १ को जग्गाको व्यवस्थापनमा विशेष पहल गरिने छ।
- सहरलाई सुन्दर बनाउन **एक मार्ग एक रङ्ग** (One Street One Colour) नीति अवलम्वन गरी यस कार्यलाई नक्सा पासमा आबद्ध गरिने छ। साथै सहरका सवै घरमा रङ्ग लगाउन अनिवार्य गरिने छ।
- महानगरले नेपाल सरकारबाट भोगाधिकार प्राप्त वडां नं २ को १५ विगाह जग्गामा आधुनिक Land Field Site सञ्चालन गरिने छ। उक्त स्थानमा फोहोरबाट उर्जा कार्यक्रम परियोजना सञ्चालन गरिने छ।

## संस्थागत विकास तथा सेवा प्रवाहः

- उच्च मनोवल, उत्प्रेरित र दक्ष जनशक्तिवाट प्रभावकारी सेवा प्रवाह गर्न कर्मचारीको क्षमता अभिबृद्धि गर्दै लगिने छ। महानगरका हरेक वडा कार्यालयमा आवश्यक पर्ने जनशक्ति र श्रोत साधनको व्यवस्था मिलाइने छ। कार्य सम्पादनलाई सूचकका आधारमा २५ प्रतिशत प्रोत्साहन भत्ता लागु गर्ने नीति लिइने छ । महानगरको सेवालाई समयानुकूल र प्रभावकारी बनाउन र संगठनमा नयाँ रक्त सञ्चार गर्न लामो समय (२० बर्ष भन्दा बढी) काम गरेका कर्मचारीलाई सम्मानसहितको स्वेच्छिक अवकाशको योजना ल्याइने छ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- सम्बृद्ध महानगर निर्माणका लागि सार्वजनिक नीजि सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइने छ। राजस्व कर प्रशासनमा गर्दै आएको सुधारलाई निरन्तरता दिइने छ। बजेट बिनियोजनको दक्षता र खर्च गर्ने क्षमतालाई अभिबृद्धि गरिनेछ। खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउदै लगिने छ। महानगरको खरिद प्रशासनको क्षमता बढाइनेछ।
- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी E-Governance लाई तिव्रता दिईनेछ । कम्प्युटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवा (Online Service) लाई अझ प्रभावकारी बनाउने नीति लिइने छ । सूचना प्रवाह तथा नगरबासीसँग अन्तरक्रिया गर्न **महानगर हाम्रो भरतपुर** रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्नुका साथै सामाजिक सञ्जालको प्रयोग गरिनेछ।
- महानगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरूसँग भगिनी सम्वन्ध कायम गर्ने नीति लिइनेछ। यस कार्यमा नगरको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार कार्यक्रमका लागि सदस्यता शुल्क लगायतका आवश्यक खर्चको व्यवस्थापन गरी अन्तर्राष्ट्रिय सहरी सञ्जालहरूको सदस्यता ग्रहण गर्ने प्रक्रियालाई अगाडि बढाईने छ।
- सेवा प्रवाहमा प्रविधिको प्रयोग गरी **कागजविहिन कार्यालय**को रुपमा विकास गर्दै लगिने छ।
- नगरबासीहरूको राय सुझाव सङ्कलन गर्न, गुनासो व्यवस्थापन र जवाफदेहिता वहन गर्नका लागि महानगरपालिकासँग नगरबासीको सोझो सम्पर्कको लागि व्यवस्था गरिएको टोल फ्रि नं. लाई हेल्प डेस्कको स्थापना गरी अझ व्यवस्थित गर्दै लगिने छ।
- महानगरका गतिविधिहरू नगरबासी समक्ष पुऱ्याउन महानगरपालिकाको **त्रैमासिक रूपमा महानगर बुलेटिन** प्रकाशन गर्दै लगिने छ।
- हाल ९ वटा वडा कार्यालयबाट मात्र राजश्व सङ्कलन भै रहेकोमा यसै आ.व. देखी २९ वटै वडा कार्यालयबाट सङ्कलन हुने र राजश्वलाई Intranet Computer System बाट महानगरपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराउने कार्यलाई थप व्यवस्थित गर्दै लगिने छ।
- भरतपुर महानगरपालिकालाई सुचनामैत्री बनाई स्थानीय सञ्चार माध्यमहरूको विकास र प्रबर्द्धन गर्न उपयुक्त नीति अबलम्बन गरिने छ।

## वित्तीय व्यवस्थापन र सुशासनः

- आर्थिक कार्य प्रणालीलाई चुस्त र दुरुस्त बनाई बित्तीय सुशासन कायम गरिनेछ। आर्थिक क्रियाकलापको विवरण सार्वजनिक गरिने छ।
- "**मैले तिर्ने कर महानगर विकासका लागि**" भन्ने आम करदातालाई महसुस हुने गरी सेवा प्रवाह गरिने छ। करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन अभियान सञ्चालन गरिने छ। वार्षिक रुपमा नियमित र अधिकतम् कर वुझाउने करदातालाई सम्मान एवम् पुरस्कृत गर्ने नीति लिइने छ।
- आम्दानी र खर्चको प्रक्षेपण अनुमान योग्य बनाइनुका साथै सूचना प्रविधिको प्रयोग गरी वित्तीय व्यवस्थापन सम्वन्धी अभिलेखहरू व्यवस्थित गरिने छ।
- आर्थिक कार्य प्रणालीलाई चुस्त र दुरुस्त बनाई बित्तीय सुशासन कायम गर्न आगामी आ.व. देखि प्रोदभावी लेखा प्रणालीलाई लागु गर्न पहल गरिनेछ।
- पेश्कि तथा वेरुजु फछ्र्यौट कार्यलाई थप प्रभावकारी बनाई बक्यौता न्युनीकरण गरिने छ।
- आन्तरिक स्रोतको परिचालनबाट महानगरको बित्तीय सवलीकरण र आर्थिक स्थायित्वका साथै बित्तीय कार्यलाई समग्र आर्थिक सम्बृद्रिको मूल आधार बनाईने छ।
- स्थानीय कर आधार संरक्षण गरी करको आधार र दायरा विस्तार गर्ने स्थानीय संरचना अनुकूल कर तथा गैर करका क्षेत्रहरूको पुनरावलोकन गरिने छ।
- विपन्न र सीमान्तकृत वर्गका जातजातिलाई करमा २५ प्रतिशत छुट दिईने छ।

## दीर्घकालीन योजनाः

यो नीति तथा कार्यक्रम र बजेट करिब छ महिनाको लागि मात्र हुनेछ। हाम्रो महानगरलाई देशकै एउटा नमूना महानगरको रुपमा विकास गर्ने प्रतिबद्धताको यो सुरुवात मात्र हो। यसका लागि हामीले अल्पकालीन, मध्यमकालीन र २०–२५ वर्षको दीर्घकालीन योजनाहरू तर्जुमा गरी सो योजनामा उल्लेखित लक्ष्य हासिल गर्न तदनुरुपको कार्यक्रमलाई कार्यान्वयन गर्न जरुरी छ। त्यस्ता योजनाहरू यसै आर्थिक वर्षभित्रमा तर्जुमा गरिने छ। यो नीति तथा कार्यक्रम पेश गरिरहँदा केही दीर्घकालका योजना र कार्यक्रमहरू अहिले नै हाम्रो प्राथमिकतामा रहेका छन्। हामी जुनसुकै दल विशेषबाट प्रतिनिधित्व गरिरहेको भए पनि कुनै न कुनै रुपमा यी योजनाको बारेमा हामीले प्रतिबद्धता व्यक्त गरेका छौँ। म यहाँ त्यस्ता केही प्रतिबद्धताको बारेमा उल्लेख गर्न चाहन्छु।

- महानगरपालिकाको समग्र विकासका लागि विगतदेखिको सपना साकार पार्न करिब ९५ किलोमिटरको महानगरीय रिङ्गरोड र पूर्व–पश्चिम, उत्तर–दक्षिण जोड्ने लिङ्करोड निर्माण कार्य यसै वर्षदेखि सुरु गरिने छ।
- महानगरलाई छिमेकी नगरपालिकासँग जोड्न नारायणी नदीमा कम्तीमा ३ वटा पक्की पुल निर्माण गर्न संघीय सरकारसमक्ष पहल गर्ने।
- केरुङ्ग–ठोरी रेलमार्ग सञ्चालन गर्न सङ्घीय सरकार समक्ष पहल गर्ने र त्यसका लागि आवश्यक सहकार्य गर्ने।
- देवघाट–मौलाकालिका केवुलकार निर्माण गरी धार्मिक तथा साँस्कृतिक पर्यटनको विकास गर्ने।
- पूर्व–पश्चिम रेलमार्ग सञ्चालन गरी महानगरलाई व्यापारिक हवको रुपमा विकास गर्ने।
- देवघाटदेखि त्रिवेणीसम्म पर्यटकीय जलमार्ग सञ्चालन गर्ने
- Right to Shelter को संवैधानिक अधिकारलाई सुनिश्चित गर्न गुरुयोजना तयार गरी सुकुम्बासी विहीन महानगर निर्माण गर्ने।
- नारायणी र राप्ती नदीको तटबन्धसहित नदी किनारलाई अन्य पर्यटकीय पूर्वाधारसँग आबद्ध गर्ने।
- Media Academy का लागि आवश्यक जग्गा उपलब्ध गराउन विशेष पहल र सहजीकरण गर्ने।
- कृषि कार्यलाई सहज पहुँच पुऱ्याउन कृषि पाठशालाको स्थापना गर्ने।
- नारायणी नदी किनारमा सार्वजनिक नीजि साझेदारीमा अन्तर्राष्ट्रियस्तरको पार्क तथा मनोरञ्जनस्थल निर्माण गर्ने।

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो। हामीले तर्जुमा गरेका कतिपय कार्यहरू सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ। अतः यस अवसरमा भरतपुर महानगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरू, निजी क्षेत्र, दातृ निकाय, अन्तर्राष्ट्रिय संघ–संस्थाहरू, गैर सरकारी तथा सहकारी संघ–संस्थाहरू, टोल विकास संस्थाहरू लगायत अन्य सम्पूर्ण सरोकारवालाहरूलाई यसै सभाबाट हार्दिक अनुरोध गर्न चाहन्छौं।

प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण विवरण अविलम्ब यस महानगरपालिकाको वेभ पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दै नीति तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिइएको नीतिहरूको विस्तारित खाका समेटिएको बार्षिक नगर विकास योजना पुस्तक यथाशिघ्र यहाँहरू समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु। नगर सभाको निर्णय समेटिएको उक्त पुस्तक भरतपुर महानगरपालिकाको प्राथमिकताको रुपमा नेपाल सरकारका सम्पूर्ण मन्त्रालय तथा विभागहरू, जिल्ला समन्वय समिति, चितवन एवम् विकासको क्षेत्रमा क्रियाशील सवै संस्थाहरू तथा सबै विकासका साझेदारहरूका लागि अभिलेखबद्ध रहनेछ भन्ने विश्वास लिएका छौं।

आदरणीय नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू, प्रमुख अतिथिज्यू, माननीय सांसदज्यूहरू, उपस्थित प्रबुद्ध वर्ग, नगर सभासदस्यज्यूहरू र अन्य अतिथिज्यूहरू, भरतपुरले अब गुनासो गर्ने होइन, सपना देख्ने र उत्साहका साथ अगाडि बढ्ने समय आएको छ। भरतपुरसँग नेपालको मात्र होइन दक्षिण एसियाकै नमूना शहर बन्ने सबै खाले सम्भावनाहरू छन्। जुनसुकै राजनीतिक आस्थाले प्रेरित भए पनि भरतपुरको विकास र सम्बृद्धिका हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन। आज यो नगर सभामा साझा संकल्प गरौं, भरतपुरलाई हामी देशकै उदाहरणीय शहर बनाइछाड्ने छौं।

**प्रमुख अतिथिज्यू, माननीय सांसदज्यूहरू एवम् अन्य अतिथिज्यूहरू र आदरणीय नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरू,**
अब म उपरोक्त नीति तथा कार्यक्रमहरूलाई सफल कार्यान्वयन गर्न आर्थिक वर्ष २०७४।०७५ का लागि अनुमानित आय र ब्यय प्रस्तुत गर्न चाहन्छु। यस आ. व. मा आय तर्फ आन्तरिक आयमा कर,सेवा शुल्क र दस्तुर वाट रु ६४ करोड २७ लाख ९० हजार, राजस्व वाडफाँडबाट रु ७ करोड, जनसहभागिता बाट रु.१७ करोड ६ लाख ७८ हजार र नेपाल सरकारबाट शर्शत अनुदान रु. ५३ करोड २९ लाख तथा निर्शत अनुदान रु ७९ करोड ७८ लाख, सामाजिक सुरक्षा भत्ता रु.४५ करोड र अन्य आय रु २ करोड २५ लाख र गत बर्षको अ.ल्या. ३१ करोड ६३ लाख गरी कुल जम्मा रु ३ अरब ५० लाख आय अनुमान गरिएको छ।

व्यय तर्फ चालु खर्चमा रु.१ अरब ४३ करोड ९१ लाख १८ हजार, पूजीगत खर्चमा रु. १ अरब ५५ करोड ५८ लाख ८२ हजार र वित्तीय ब्यवस्था मा रु. १ करोड विनियोजन गरिएको छ जुन कुल बजेटको चालु तर्फ ४७.८९ प्रतिशत, पूँजीगत तर्फ ५१.७७ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ०.३३ प्रतिशत हुन आउँछ।

विनियोजित बजेटको क्षेत्रगतरुपमा पूर्वाधार विकास क्षेत्र तर्फ रु. १ अरब ३४ करोड ४ लाख ६८ हजार (४४.६१ प्रतिशत) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ रु. १३ करोड ८७ लाख ५० हजार (४.६२प्रतिशत), सामाजिक विकास क्षेत्र तर्फ रु. ६० करोड २७ लाख २५ हजार (२०.०६प्रतिशत), कृषि, पर्यटन समेत आर्थिक विकास क्षेत्र तर्फ रु. ५ करोड ८१ लाख १६ हजार (१.९३ प्रतिशत), वित्तिय व्यवस्थापन तथा सुशासन क्षेत्र, संस्थागत विकास तथा सेवा प्रवाह एवम् प्रशासनिक क्षेत्र तर्फ रु. ४१ करोड४९ लाख ४१ हजार (१३.८१प्रतिशत) र सामाजिक सुरक्षा भत्ता रु. ४५ करोड (१४.९८प्रतिशत) रहेको छ।

**अन्तमा,**
प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरू, नगर सभा सदस्यज्यूहरू, राजनीतिज्ञहरू, नगरवासी दाजुभाइ तथा दिदीवहिनीहरू एवम् कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !

**रेनु दाहाल**
**नगर प्रमुख**
**भरतपुर महानगरपालिका, भरतपुर, चितवन**
**मितिः २०७४ पौष २१ गते शुक्रबार।**